# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


**प्रेस विज्ञप्ती**

**डिम्याट खातालाई व्यवस्थित र पारदर्शी गर्ने सम्बन्धमा**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ वमोजिम निक्षेप सदस्यले हितग्राहीसँग सम्झौता गरी डिम्याट खाता खोल्न सक्ने व्यवस्था वमोजिम लगानीकर्ताहरुबाट बहुखाता खोलिरहेकोमा हालै लागू गरिएको आस्वा प्रणाली र बाँडफाँड प्रणालीको कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा लगानीकर्ता एवं बजारको दीर्घकालीन हितलाई समेत दृष्टिगत गरी हाललाई लगानी व्यवस्थापनमा सहभागी भएका लगानीकर्ताको हकमा लगानी व्यवस्थापनमा सहभागी हुनका लागि लगानी व्यवस्थापनअनुसार डिम्याट खाता खोल्न सक्ने र अन्यको हकमा बढीमा दुई डिम्याट खाता खोल्न सक्ने व्यवस्था गरिएको छ । साथै हाल दुईभन्दा बढी डिम्याट खाता भएका लगानीकर्ताहरुलाई उपर्युक्तानुसार बढीमा दुई डिम्याट खाता कायम गर्न २०७४ भाद्र मसान्तसम्म समयावधि प्रदान गर्ने र सो अनुसार धितोपत्र हस्तान्तरण गर्दा शूल्क नलाग्ने व्यवस्था गर्न र लगानी व्यवस्थापनको लागि खोलिएको डिम्याट खाता बन्द गरेमा उक्त खाता बन्द गर्ने जिम्मेवारी सम्बन्धित लगानी व्यवस्थापकको हुने व्यवस्था समेत गरिएको छ ।

यसबाट डिम्याट खाता संचालन कार्य थप व्यवस्थित तथा पारदर्शी भई लगानीकर्ताको वास्तविक संख्या समेत यकिन गर्न सहज हुने बोर्डको विश्वास रहेको छ ।

मिति : २०७४।०३।११

प्रवक्ता
निरज गिरी


*Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*
*Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np*